लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
बुटवल, नेपाल

## कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१

**प्रस्तावनाः** लुम्बिनी प्रदेशका किसानहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन **कार्यविधि, २०८१** को कृषि तर्फको कार्यक्रम नं १.३२ ले दिएको अधिकार प्रयोग गरी कृषि विकास निर्देशनालयले कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ तयार गरेको छ।

१. **यस मापदण्डको नामः** कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ रहेको छ।

२. यस मापदण्ड स्वीकृत भएको मितिबाट लागु हुनेछ।

३. **सूचना प्रकाशनः**

   १. कृषक सम्मानको लागि कार्यालयले सूचना प्रकाशन गरी कृषक सम्मानको लागि आवेदन माग गर्नेछ।
   २. सूचनाको ढाँचा कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।
   ३. कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गरिनेछ र कृषकहरुले सूचना पाउने माध्यमहरुको प्रयोग गरिनेछ।
   ४. सम्मान कार्यक्रममा सहभागी हुन तोकिएको मापदण्ड पुरा भएका कृषकहरु सहभागी हुन पाउने छन्।
   ५. कृषकहरुले सम्मान कार्यक्रममा सहभागि हुनको लागि आवेदन यसै मापदण्ड अनुसारको निवेदनको ढाँचा अनुसार विवरण भरी माग गर्नेछन्।
   ६. विवरण पेश गर्दा कृषकहरुले हुने कागजातहरु (तस्विर, जग्गाधनी पूर्जा, जग्गाको करार सम्झौता लगायत) पनि पेश गर्नु पर्नेछ।
   ७. झुटो विवरण पेश गर्ने कृषकहरुलाई नकारात्मक सूचीमा राखिनेछ र कार्यालयले गर्ने अन्य कार्यक्रममा सहभागि गराईने छैन।

४. **मूल्याङ्कनः**

   १. कृषक सम्मान कार्यक्रम अन्तर्गत मूल्याङ्कनको लागि कार्यालय प्रमुखले तोकेको कर्मचारी एकजना र दुई जना प्राविधिक कर्मचारी सदस्य रहेको प्राविधिक मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गराउनु पर्नेछ।
   २. प्राविधिक मूल्याङ्कन समितिले मूल्याङ्कनको मापदण्ड अनुसार मूल्याङ्कन गर्नु पर्नेछ।
   ३. प्राविधिक मूल्याङ्कनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने दश (१०) जना कृषकहरुको थप स्थलगत प्रमाणिकरणको कार्य स्थानीय तह कृषि शाखासँग समन्वय गरी संचालन गरिनेछ।
   ४. स्थलगत प्रमाणिकरण पश्चात मूल्याङ्कन समितिले कूल प्राप्ताङ्कको आधारमा सिफारिस गर्नेछ।
   ५. प्राविधिक समितिले सिफारिस गरेको विवरणको आधारमा सम्मान कार्यक्रमको लागि अन्तिम स्वीकृत कार्यलय प्रमुखले गर्नेछ।

५. **सम्मान कार्यक्रमः**

   १. कार्यक्रमको आयोजना गरी कृषकलाई सम्मान गरिनेछ।
   २. सम्मान कार्यक्रम विभिन्न विधा (खाद्यान्न बाली, तरकारी बाली, दलहन बाली, फलफूल, तेलहन च्याउ, मौरी, फूल खेती, बीउ उत्पादन, नर्सरी आदी) मा गरिनेछ।

लुम्बिनी प्रदेश सरकार
भूमि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
नेपाल

३. प्रत्येक जिल्लामा एक जना सर्वोत्कृष्ट कृषक पुरस्कार र अन्य तीन जनालाई उत्कृष्ट कृषक पुरस्कार सहित सम्मान गरिनेछ।

४. सर्वोउत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्नेलाई प्रमाणपत्र, दोसल्ला सहित नगद रु १०,०००। प्रदान गरिनेछ।

५. उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्नेलाई प्रमाणपत्र, दोसल्ला सहित नगद रु ५,०००।०००। प्रदान गरिनेछ।

६. खर्च व्यवस्थाः कार्यालयले लागत अनुमान तयार तथा स्वीकृत गरी व्यानर, खाजा खर्च, पुरस्कार, दोसल्ला, प्रमाण पत्र आदी शिर्षकमा खर्च गर्न सक्नेछ।

कृषक सम्मान कार्यक्रममा सहभागी हुन तोकिएको न्यूनतम मापदण्ड

| क्र.स. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) |
|---|---|---|
| १ | खाद्यान्न बाली | कम्तीमा २० रोपनी |
| २ | तरकारी बाली | ५ रोपनी |
| ३ | फलफूल | १०० बोट |
| ४ | मौरी | ५० वटा गोला सहितको घार |
| ५ | च्याउ खेती | बार्षिक १००० केजी उत्पादन |
| ६ | फूल खेती | ३ रोपनी |
| ७ | बीउ उत्पादन | २० रोपनी |
| ८ | मसला बाली | ५ रोपनी |
| ९ | नर्सरी | १ रोपनी |
| १० | तेलहन बाली | १० रोपनी |

निवेदनको ढाँचा

मिति २०८१/.../...

विषयः कृषक सम्मान कार्यक्रममा सहभागी हुने सम्बन्धमा।

श्रीमान कार्यालय प्रमुखज्यू।

............................................... कार्यालय

महोदय,

उपरोक्त सम्बन्धमा ..............................कार्यालयको आर्थिक बर्ष २०८१।८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८१ ...................... गते तहाँ कार्यालयले कृषक सम्मान कार्यक्रमको सार्वजनिक सूचना माग गरेको हुनाले उक्त कार्यक्रममा सहभागी हुन ईच्छा भएकोले तपसिल अनुसारको कागजातहरु संलग्न गरी यो आवेदन पेश गरेको छु।

तपसिल

१. नागरिकताको प्रतिलिपि १ थान
२. निवेदन सँगै पेश गर्नु पर्ने विवरण
३. आवेदन फाराम सहित पुष्टाई गर्ने कागजातहरु

निवेदकः

नाम थरः
ठेगानाः
फर्मको नामः
सम्पर्क नंः
फर्मको छापः

## कृषकले निवेदन सँगै पेश गर्नु पर्ने विवरण सहितको फाराम

१. कृषकको नाम र थरः
२. कृषि फर्मको नामः
३. ठेगानाः
४. कृषकको सम्पर्क नं.:
५. तपाई कृषि पेशामा कति बर्ष देखि संलग्न हुनु हुन्छ........................ बर्ष
६. हाल तपाईले कति क्षेत्रफलमा व्यवसायिकरुपमा खेती गर्नु भएको छ................ हेक्टर/रोपनी/ कठ्ठा। (आफ्नो नाममा जग्गा भए वा भाडामा के हो खुलाउने)

७. तपाईले व्यवसाय बिस्तारको लागि फर्म वा कम्पनी दर्ता गर्नु भएको छ वा छैन्।

क. दर्ता भए फर्मको नाम:

ख. दर्ता मिति:

ग. पछिल्लो कर चुक्ताको मिति:

घ. बार्षिक कारोबारको विवरण:

८. तपाईको शौक्षिक अवस्थाको विवरण (स्नाकोत्तर, स्नातक, प्रविणता प्रमाण पत्र, एस एल सो वा सो सरह, समान्य लेख पढ)......................................

९. तपाईले मुख्य मुख्य कुन कुन बालीको खेती गर्नु भएको छ र कति क्षेत्रफलमा खेती गर्नुभएको छ?

क. खाद्यान्न बाली..............................

ख. तरकारी बाली..............................

ग. फलफूल...................................

घ. मौरी.........................................

ङ. च्याउ.......................................

च. फूल खेती...................................

छ. बीउ उत्पादन..............................

ज. नर्सरी.......................................

झ. तेलहन बाली.................................

ञ. थप कुनै अन्य भए..........................

१०. खेती गर्दा के के नयाँ (नबिन) प्रविधिहरुको प्रयोग गर्नु भएको छ? नविन प्रविधि भन्नाले के हो? जस्तै:

..................................................................

..................................................................

..................................................................

..................................................................

..................................................................

..................................................................

११. बार्षिक औषत रुपमा कति रुपैया सम्मको कृषि उपज(quality) बिक्री वितरण गर्नु हुन्छ?

क. .................................

१२. अन्य समूह तथा सहकारीमा आबद्ध हुनु हुन्छ वा हुनु हुन्न?

आबद्ध भएको भए तपसिलको विवरण पुरा गर्नुहोस्

क. समूहको नाम/ठेगाना:

ख. सहकारीको नाम/ठेगाना:

ग. कम्पनीको नाम:

घ. फार्मको नाम:

१३. कृषि कार्यको लागि तपाईसँग कुन कुन यन्त्र तथा उपकरणहरु रहेका छन्?

क. ............................

ख. ..............................

ग. ..............................

१४. कृषि व्यवसाय सँग सम्बन्धित तालिम प्राप्त गर्नु भएको छ वा छैन?

- तालिम प्राप्त गरेको भए
- तालिमको नाम:
- के बिषयको तालिम:
- कहिले देखि कहिले सम्म:
- अन्य भए यसै अनुसार थप गर्ने:/तालिम प्रदान गर्ने निकाय:

१५. आफ्नो व्यवसायबारे संक्षिप्तरुपमा उल्लेख गर्ने:

## कृषक सम्मान कार्यक्रमको मूल्याङ्कनको मापदण्ड

| | | | | | |
|---|---|---|---|---|---|
| कृषकको नाम र थर: | | | | | |
| ठेगाना: | | | | | |
| सम्पर्क न: | | | | | |
| कृषि पेशामा संलग्न भएको विवरण: | | | | | |
| सि. नं. | मापदण्ड | अधिक्तम अंक | मूल्याङ्कन को आधारमा प्राप्त अंक | पुष्टाईका आधार तथा कागजातको विवरणहरु | कैफियत |
| १ | समावेशीकरण सम्बन्धी विवरण | २ | | | |
| | कृषक महिला भए | २ | | | |
| | कृषक पुरुष भए | १ | | | |
| २ | कृषि पेशमा आवद्धता | १० | | | |
| | १० बर्षभन्दा माथि | १० | | | |
| | ५ भन्दा बढी देखि १० बर्ष भन्दा कम | ८ | | | |
| | ३ बर्षभन्दा बढी ५ बर्ष भन्दा कम | ६ | | | |
| | ३ बर्षभन्दा कम | ४ | | | |
| ३ | खेती गरेको क्षेत्रफलको विवरण | १० | | | |
| | खाद्यान्न बालीको हकमा २० रोपनी भन्दा बढी १ हेक्टर सम्म भएमा ४ अंक, १ हेक्टर भन्दा बढी ३ हेक्टर सम्म भएमा ६ अंक, ३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म भएमा ८ अंक, र ५ हेक्टर भन्दा बढी भएमा १० अंक | | | | |
| | तरकारी बालीको हकमा ५ रोपनी भन्दा बढी १ हेक्टर सम्म भएमा ४ अंक, १ हेक्टर भन्दा बढी ३ हेक्टर सम्म भएमा ६ अंक, ३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म भएमा ८ अंक, र ५ हेक्टर भन्दा बढी भएमा १० अंक | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फलफूलको हकमा कम्तिमा १०० बोट भएमा ४ अंक, १०१ देखि ५०० बोट भएमा ६ अंक, ५०१ देखि १००० भएमा ८ अंक, १००१ देखि बढी भएमा १० अंक | | | | | |
| | मौरी पालनको हकमा गोला सहितको ५० घार भएमा ४ अंक, ५१ देखि १०० गोला सहितका घार भएमा ६ अंक, १०१ देखि ५०० गोला सहितको घार भएमा ८ अंक र ५०१ भन्दा बढी गोला सहितको घार भएमा १० अंक | | | | | |
| | च्याउको हकमा बार्षिक कम्तिमा १००० केजी उत्पादन भएमा ४ अंक, १००१ देखि १५०० केजी उत्पादन भएमा ६ अंक, १५०१ केजी भन्दा बढी २००० केजी उत्पादन भएमा ८ अंक, २००१ भन्दा बढी भएमा १० अंक | | | | | |
| | फूल खेतीको हकमा ३ रोपनी भन्दा बढी ५ रोपनी सम्म भएमा ४ अंक, ६ रोपनी भन्दा बढी १० रोपनी सम्म भएमा ६ अंक, ११ रोपनी भन्दा बढी २० रोपनी सम्म भएमा ८ अंक र २१ रोपनी भन्दा बढी भएमा १० अंक | | | | | |
| | बीउ उत्पादनको हकमा २० रोपनी भन्दा बढी १ हेक्टर सम्म भएमा ४ अंक, १ हेक्टर भन्दा बढी ३ हेक्टर सम्म भएमा ६ अंक, ३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म भएमा ८ अंक, र ५ हेक्टर भन्दा बढी भएमा १० अंक | | | | | |
| | मसला बालीको हकमा ५ रोपनी भन्दा बढी १ हेक्टर सम्म भएमा ४ अंक, १ हेक्टर भन्दा बढी ३ हेक्टर सम्म भएमा ६, ३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म भएमा ८, र ५ हेक्टर भन्दा बढी भएमा १० अंक | | | | | |
| | नर्सरीको हकमा १ रोपनी भन्दा बढी ३ रोपनी सम्म भएमा ४ अंक, ४ रोपनी भन्दा बढी ८ रोपनी सम्म भएमा ६ अंक, ९ रोपनी भन्दा बढी १५ रोपनी सम्म भएमा ८ अंक र १५ रोपनी भन्दा बढी भएमा १० अंक | | | | | |
| | तेलहन बालीको हकमा १० रोपनी भन्दा बढी १ हेक्टर सम्म भएमा ४ अंक, १ हेक्टर भन्दा बढी ३ हेक्टर सम्म भएमा ६, ३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म भएमा ८, र ५ हेक्टर भन्दा बढी भएमा १० अंक | | | | | |
| ४. | **फार्म दर्ता सम्बन्धी व्यवस्था** | ५ | | | | |
| | फार्म तथा कम्पनी दर्ता भएको | ५ | | | | |
| | नभएको भए | ४ | | | | |
| ५ | **उन्नत प्रविधिको प्रयोगको अवस्था** | १० | | | | |
| | नयाँ प्रविधि (बीउ, मल, औजार उपकरण,पलाष्टिक टनेल आदी) ५ वटा भन्दा बढी प्रविधिको प्रयोग गरेमा | १० | | | | |
| | नयाँ प्रविधिहरुको ३ देखि ५ वटा सम्म प्रयोग गरेको भएमा | ८ | | | | |
| | केही मात्र प्रयोग गरेको भए | ६ | | | | |
| ६ | **बार्षिक कारोबारको अवस्था** | ८ | | | | |
| | बार्षिक १० लाख भन्दा बढी उत्पादन बिक्री गर्ने भएमा | ८ | | | | |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
नेपाल

२०७९।१०।२०

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ देखि १० लाख सम्म उत्पादनको कारोबार भएमा | ६ | | | | |
| | ३ देखि ५ लाख सम्म उत्पादनको करोबार भएमा | ५ | | | | |
| | १ देखि ३ लाख सम्म कारोबार भएमा | ४ | | | | |
| ७ | कृषक समुह तथा सहकारीहरु सँगको आबद्धता | १० | | | | |
| | २ भन्दा बढी समूह तथा सहकारीमा आबद्ध भएमा | १० | | | | |
| | २ भन्दा कम समूह तथा सहकारीमा आबद्ध भएमा | ८ | | | | |
| | कुनै समूह तथा सहकारीमा आबद्ध नभएमा | ५ | | | | |
| ८ | कृषि सम्बन्धी यन्त्र उपकरणहरुको प्रयोगको अवस्था | १० | | | | |
| | बाली उत्पादन तथा खेती गर्ने क्रममा पूर्णरुपमा यन्त्रउपकरणको प्रयोग गरेको भएमा | १० | | | | |
| | बाली उत्पादन तथा खेती गर्ने क्रममा केही कार्यहरुमा मात्र यन्त्र उपकरणको प्रयोग गरेको भएमा | ८ | | | | |
| | यन्त्र उपकरणहरुको प्रयोग नगरेको भएमा | ५ | | | | |
| ९ | कृषि सम्बन्धी तालिमको अवस्था/तालिमको संख्या | ५ | | | | |
| | १५ दिन भन्दा बढीको तालिम लिएको भए | ५ | | | | |
| | ७ दिनको तालिममा सहभागि भएको भए | ४ | | | | |
| | ३ दिनको तालिममा सहभागि भएको भए | ३ | | | | |
| | कुनै पनि तालिममा सहभागि नभएको भए | २ | | | | |
| १० | स्थलगत फिल्ड मूल्याङ्कन | ३० | | | | |
| | कूल प्राप्ताङ्क | १०० | | | | |

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय नेपाल

२०७९/१०/२०